# अखाद्य रङ्ग प्रयोग गरिएको रङ्गिन कटन क्याण्डी सम्बन्धी जरुरी सूचना

प्रकाशित मितिः २०८०।१०।०८

काठमाडौँका विभिन्न स्थानहरूका सडकपेटी, बजार, मेला लगायतका स्थानहरूमा खुला रूपमा बिक्री वितरण भइरहेको रङ्गिन कटन क्याण्डी (Cotton Candy) मा मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने अखाद्य रङ्ग रोडामाइन बी को प्रयोग भएको यस विभागको प्रयोगशाला जाँच विश्लेषणबाट देखिन आएको हुँदा यस विभागबाट अनुज्ञा पत्र प्राप्त गरी लेबल लगाएका बाहेक खुल्ला रूपमा बिक्री वितरण गरिएको कटन क्यान्डीको उपभोग नगर्न तथा आफ्ना बालबालिकाहरूलाई समेत नदिनु हुन सम्पूर्ण उपभोक्ता वर्गमा विभाग अनुरोध गर्दछ ।

यसका साथै यस प्रकारको अखाद्य रङ्गको प्रयोग गरी कटन क्यान्डी उत्पादन तथा बिक्री वितरण नगर्न नगराउनु हुन सबैमा सूचित गरिन्छ । यस सूचनाको बरखिलाफ गरी उत्पादन तथा बिक्री वितरण गरेको पाइएमा खाद्य ऐन नियम बमोजिम कारबाही हुने ब्यहोरा समेत जानकारी गराइन्छ ।


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

बबरमहल काठमाडौँ

www.dftqc.gov.np, email: info@dftqc.gov.np